# गाउँपालिका राष्ट्रिय महासंघ, नेपाल    नेपाल नगरपालिका संघ

मितिः २०८३।०१।२९

## विद्यालय व्यवस्थापन समिति गठन गर्ने व्यवस्थामा गरिएको हस्तक्षेपका सम्बन्धमा जारी गरिएको

## प्रेस विज्ञप्ती

केही नेपाल ऐन संशोधन गर्न बनेको अध्यादेश, २०८३ को दफा ५ ले शिक्षा ऐन, २०२८ को संशोधन गर्ने क्रममा साविक ऐनको दफा १२ को उपदफा (१) को खण्ड (ग) झिकिएको विषय संबिधानले स्थानीय तहलाई प्रदान गरेको एकल अधिकारको हस्तक्षेप भएको देखिएकोले ति व्यवस्थाहरु देहायबमोजिमको कारणले कार्यान्वयन हुन नसक्ने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो प्रेस विज्ञप्ति जारी गरिएको छ।

१. संबिधानको अनुसूची ८ अनुसार आधारभुत तथा माध्यमिक शिक्षा स्थानीय तहको एकल अधिकार भित्र रहेको छ भने स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) खण्ड (ज) को उपखण्ड (७) मा विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन सम्बन्धित जिम्मेवारी स्थानीय सरकारलाई प्रदान गरेको छ।

२. संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा ४ उपदफा (१) (क) ले संघले आफ्नो एकल वा साझा अधिकारको विषयमा कानुन बनाउँदा प्रदेश तथा स्थानीय तहको एकल अधिकारको अतिक्रमण नगर्ने भन्ने व्यवस्था गरेको छ।

३. आधारभुत तथा माद्यमिक विद्यालयको व्यवस्थापन समिति कस्तो बनाउने भन्ने विषय स्थानीय परिवेश र आवश्यकताअनुसार सम्बन्धित स्थानीय सरकारले कानुनमा व्यवस्था गरेर कार्यान्वयन गर्ने र हाल अधिकांश स्थानीय सरकारहरुले स्थानीय शिक्षा ऐन जारी गरेर व्यवस्थापन समितिको नियमन भैरहेको छ।

४. सामुदायिक विद्यालयको सुधारमा निरन्तर गरिरहेका व्यक्तिहरु र समुदायले विश्वास गरेका व्यक्तित्वहरु (विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी र विद्यालयलाई निरन्तर सहयोग गरिरहेका समाजसेवीलाई व्यवस्थापन समितिमा राख्नै नहुने भन्ने अध्यादेशको व्यवस्था सङ्कुचित सोचबाट प्रेरित भएको र यसले सामुदायिक विद्यालयलाई अझै कमजोर बनाउने देखिन्छ। सामुदायिक विद्यालयको स्थापना र सञ्चालनमा इतिहास, वर्तमान र भविष्यमा कसको कति योगदान थियो, छ र हुनेछ भन्ने मूल्याङ्कन गर्न सम्बन्धित विद्यालयका स्वयम् अभिभावकहरुलाई नै दिनुपर्दछ।

५. संबिधानको धारा ३०४ को उपधारा (२) को व्यवस्था अनुसार यो संबिधानसँग बाझिएको कानुन यो संबिधानबमोजिमको संघीय संसदको पहिलो बैठक बसेको मितिले एक वर्षपछि बाझिएको हदसम्म स्वतः अमान्य हुने व्यवस्थाले मिति २०७५ फागुन २१ गते पश्चात शिक्षा ऐन, २०२८ का व्यवस्था मध्ये संबिधानसँग बाझिएका व्यवस्थाहरु स्वत अमान्य भैसकेको छ।

तसर्थ, संबिधानसम्मत स्थानीय सरकारहरूले शिक्षा ऐन जारी गरि सोही ऐन बमोजिम व्यवस्थापन भैरहेका विद्यालयहरुको हकमा अध्यादेशमा भएको व्यवस्था लागु नहुने हुदा सो कार्यान्वयन नगर्न सबै स्थानीय सरकार र सरोकारवालाहरुमा यसै विज्ञप्तिमार्फत हार्दिक आव्हान गर्दछौं।

परीक्षा, पाठ्यक्रम लगायत आधारभुत तथा माध्यमिक विद्यालय राष्ट्रिय मापदण्ड सम्बन्धी ऐन जारी गर्न विगत ८ वर्षदेखि नेपाल सरकार र संघीय संसदलाई निरन्तर रुपमा अनुरोध गर्दै आइरहेको विषयलाई यसै विज्ञप्तिमार्फत पुनःस्मरण गराउँदछौं। अध्यादेशमा भएको उक्त व्यवस्थालाई फिर्ता लिन नेपाल सरकारमा अनुरोध गर्दै संघीय संसदले यस प्रकारका व्यवस्थालाई सच्याउनको लागि हार्दिक अनुरोध गर्दछौं।

| | |
|---|---|
| ........................ | ........................ |
| **लक्ष्मीदेवी पाण्डे** | **भिमप्रसाद ढुङ्गाना** |
| अध्यक्ष | अध्यक्ष |
| गाउँपालिका राष्ट्रिय महासंघ नेपाल | नेपाल नगरपालिका संघ |